# संघीय संसद

# राष्ट्रिय सभा

# चौधौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# १० असार २०८०

# आइतवार

# बैठक सङ्ख्या- १७

राष्ट्रिय सभाको आजको दोस्रो बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १४:४३ बजे प्रारम्भ भयो ।

(१४:४५ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको दोस्रो बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएको सम्बन्धी पत्र प्राप्त हुन आएको छ । अब म उक्त पत्रको बेहोरा जानकारी गराउँदछु ।

माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजाल चीनको सिन्जियाङ्ग प्रान्तको काशी प्रिफेक्चरमा आयोजना हुने $13^{th}$ काशी कमोडिटि फेयरमा सहभागी हुन मिति २०८० असार ४ गते त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री मोहनबहादुर बस्नेतले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

(बैकुण्ठ अर्याल)
मुख्यसचिव
२०८०/०३/०३

माननीय सदस्यहरू, अब म विधायन व्यवस्थापन समितिका माननीय सभापति जयन्ती देवी राईलाई "नेपाल विश्वविद्यालय विधेयक, २०७९ सम्बन्धी समितिको प्रतिवेदन" सभासमक्ष पेस गर्न समय उपलब्ध गराउँदछु ।

(१४:४७ बजे) **विधायन व्यवस्थापन समितिका माननीय सभापति श्री जयन्ती देवी राईः**- सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभाको मिति २०७९/१०/१३ गते बसेको बैठकले नेपाल विश्वविद्यालय विधेयक, २०७९ माथि दफाबार छलफलका लागि यस समितिमा पठाइएको थियो । प्राप्त संशोधन प्रस्तावसहित विधेयकमाथि विभिन्न मितिमा गरी १० पटक बैठक बसेको थियो । समितिको बैठकहरूमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री, संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरू, सम्बन्धित मन्त्रालयका सचिव, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सम्बद्ध कर्मचारीहरूलगायत नेपाल विश्वविद्यालय पूर्वाधार विकास समितिका अध्यक्षलगायत सम्बद्ध व्यक्तिहरूको उपस्थिति रहेको थियो । यस विधेयकमाथि विभिन्न चरणमा भएका औपचारिक, अनौपचारिक छलफलहरूमा सहभागी हुनुका साथै प्रतिवेदन लेखनसमेत सहयोग गर्नुहुने सम्बद्ध सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

सम्माननीय अध्यक्ष महोदय, समितिद्वारा सम्वत् २०८० साल जेठ २९ गते समितिको बैठकद्वारा पारित नेपाल विश्वविद्यालय विधेयक, २०६९ सम्बन्धी प्रतिवेदन यस सम्मानित सदनसमक्ष पेस गर्दछु । धन्यवाद ।

(१४:४९ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब म माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरूङलाई "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

(१४:४९ बजे) **माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरूङः**- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "मुलुकी संहितासम्बन्धी केही नेपाल

ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

(१४:४९ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरूङले प्रस्तुत गर्नुभएको "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ । यस क्रममा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने बेहोरा जानकारी गराउँछु । छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डायससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय तुलसा कुमारी दाहाल ।

(१४:५० बजे) **माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यादेशलाई विस्थापन गर्नका लागि यो विधेयक मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक संसदमा आएको छ । अनुचित लेनदेनलाई कानुनी दायरामा ल्याउनको निम्ति यो प्रयास गरिएको राम्रो छ । यसलाई स्वागत गर्न पनि चाहन्छु । मिटरब्याजीलाई कानुनले चिन्दैन र व्यापक रूपमा भएको आर्थिक चलखेल अनियमितता र ठगीलाई नियन्त्रण गर्न सर्वसाधारण जनताहरू जुन ठगी रहेका थिए । उनीहरूलाई नियन्त्रण गर्नको निम्ति सर्वसाधारण न्याय पाउने गरी गरिएको व्यवस्था चाहिँ उपयुक्त नै रहेको छ । यस विधेयकमा प्रत्यायोजित विधायनको हिसाबले भन्नुपर्दा प्रत्यायोजित विधायन छैन र राम्रो छ । मुलुकी देवानी संहितामा केही बुँदाहरू थप गरिएको र व्यवस्थापन गरिएको छ । त्यसै गरी मुलुकी संहिता, २०७४ लाई पनि केही बुँदाहरू थप गरेर व्यवस्थित गरिएको छ । अनुचित लेनदेनको कार्यलाई कसुर कायम गरिएको छ । मुलुकी फौजदारी संहिता, २०७४ मा पनि ३० (क) थप गरी अनुचित लेनदेन र सम्पत्ति शुद्धीकरणको विषय सम्बन्धमा पनि व्यवस्था गरी अध्ययन अनुसन्धान गरी कारबाही चलाउन सक्ने व्यवस्था गरिएको छ । विधायन समितिमा पठाएर छलफल गर्दा राम्रो हुन्छ भन्ने मलाई लागेको छ । कानुन बनाएर मात्रै हुँदैन । सचेतनाको पनि त्यतिकै आवश्यकता छ । यो अनुचित आर्थिक क्रियाकलाप र कानुनी दायरामा ल्याउनुको निम्ति गरिएको यो प्रयास चाहिँ ठिक छ ।

सर्वसाधारण जनताले सूचना पाउनुपर्ने कुरामा जोड दिनुपर्दछ । कसुर कायम हुने गरी गरेको व्यवस्था सम्बन्धित साहुले तिर्ने गरी सरकारले मध्यस्थता गर्नुपर्छ । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय दिल कुमारी रावल थापा "पार्वती" ।

(१४:५१ बजे) **माननीय श्री दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यादेशद्वारा प्रस्तुत मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई प्रतिस्थापन गर्न प्रस्तुत भएको मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक प्रस्तुत भएको छ । म यसलाई स्वागत गर्न चाहन्छु । अनुचित लेनदेनको कार्यलाई फौजदारी कसुर कायम गरी सजायको व्यवस्था गर्ने भ्रष्टाचार हुने लेनदेनलाई व्यवस्थित र पारदर्शी बनाउने व्यवस्था यस विधेयकमा छ । मुलुकी संहिता, ०७४ लाई पनि संशोधन यसमा केही बुँदाहरू थप गरी समावेश गरिएको छ । यस विधेयक चाहिँ ऐन बनेपछि आर्थिक कारोबारसँग जति पनि अहिले समस्याहरू देखिएको छ । भ्रष्टाचार हुने लेनदेन, अनुचित कारोबार क्रियाकलापसँग जोडिएर जुन आम नागरिक ठुलो सङ्ख्या पीडित भएको छ । यो विधेयक ऐन बनिसकेपछि यसलाई चाहिँ आर्थिक भ्रष्टाचारमा हुने सबैलाई लेनदेनलाई नियमन हुने छ र कानुन निर्माण एउटा महत्त्वपूर्ण कुरा हो । यो कानुन निर्माणमा व्यापक छलफल हुन जरुरी छ र यो कानुन निर्माण भएको कानुन कार्यान्वयनमा त्यतैकै ध्यान दिन जरुरी छ । यो विधेयकलाई पनि समितिमा दफावार छलफलको बेला अझ प्रभावकारी छलफल हुने अपेक्षा राख्दछु । धन्यवाद

(१४:५३ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरूङलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

(१४:५३ बजे) **माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरूङ**:- सम्माननीय अध्यक्ष महोदय, यहाँ माननीयज्यूहरूले प्रश्नभन्दा पनि सुझाव दिनुभएको छ भन्ने मलाई लागेको छ । माननीय तुलसा कुमारी दाहालज्यू र माननीय दिल कुमारी थापा

"पार्वती"ज्यू जसले चाहिँ यहाँ आफ्ना अभिव्यक्तिहरू राख्नुभा'को छ । यसले वास्तवमा यो चाहिँनी ऐन निर्माणको सन्दर्भमा उहाँले नै उपयुक्त छ । यो राम्रो छ भनी सक्नुभएको छ । स्वागतयोग्य छ, भनिसक्नुभएको छ । समस्या समाधानको बाटो भनिसक्नुभएको छ भनेपछि यो चाहिँनी सुझावको रूपमा आएको छ । र यसलाई फेरि चाहिँ समितिहरूमा नलगिकन पनि यहीँबाट पारित गर्दियो भने अझै राम्रो हुन्थ्यो कि भन्ने मेरो अनुरोध हो फेरि विनम्र अनुरोध मात्रै हो मेरो । एकदम सादर अनुरोध हो । किनभन्दा खेरि चाहिँ निकै ढिलो भइसकेको छ । र वास्तवमा यसमा अहिले हामीले जसरी ल्याइएको छ । दफाबार छलफल पनि भएको छ । त्यसले गर्दाखेरि यसमा चाहिँ खासै त्यति धेरै फेरि पनि परिमार्जन Amendment गरिरहनुपर्ने जस्तो त लाग्दैन तै पनि माननीयज्यूहरूले अब चासो राख्नुभा'छ । कन्सर्न गर्नुभाएको छ ।

र उहाहरूले चाहिँ यसलाई स्वागतयोग्य र यो चाहिँ वास्तवमा उपयुक्त र समस्या समाधानको बाटो भनिसकेपछि यो मलाई लाग्छ अब थप बढी फेरि समितिहरूलाई छलफल गरिरहनुपर्दैन यसैबाट पारित गर्दिनुभो' भने चाहिँ म आशावादी छु । उहाँहरूले पारित गर्दिनुहुन्छ कि भन्ने सभाध्यक्ष महोदयमार्फत म अनुरोध गर्न चाहन्छु । धन्यवाद ।

(१४:५५ बजे) **<u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्यहरू, "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८०" माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभाअन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, अब म सुदुरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री माननीय पृथ्वीबहादुर सिंह र राष्ट्रिय सभाका पूर्वसदस्य एवम् संविधान सभाका सदस्य महेश चौधरीको निधन भएकोमा निम्न लिखित शोक प्रस्तावहरू प्रस्तुत गर्दछुः-

क) सुदुरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री माननीय पृथ्वीबहादुर सिंहको असार ५ गते सवारी दुर्घटनामा परी उपचारका क्रममा ६५ वर्षको उमेरमा निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ । स्वर्गीय सिंह २०७९ सालमा बझाङ जिल्ला निर्वाचन क्षेत्र नं १ (क) बाट नेपाली कांग्रेस पार्टीको तर्फबाट प्रदेश सभा सदस्यमा निर्वाचित हुनुभएको थियो । यो बैठक स्वर्गीय सिंहप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ ।

ख) राष्ट्रिय सभाका पूर्वसदस्य एवम् संविधान सभाका सदस्य महेश चौधरीको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, दाङमा उपचारको क्रममा २०८० साल जेठ २४ गते ७३ वर्षको उमेरमा निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ । स्वर्गीय चौधरी वि.सं. २०४८ सालमा तत्कालीन मध्यपश्चिमाञ्चल विकास क्षेत्रबाट नेपाल कम्युनिष्ट पार्टी (एमाले) को तर्फबाट राष्ट्रिय सभा सदस्य हुनुहुन्थ्यो । साथै स्वर्गीय चौधरी वि.स. २०६४ सालको संविधान सभामा मन्त्रिपरिषद्बाट मनोनित सदस्य हुनुहुन्थ्यो । यो बैठक स्वर्गीय चौधरीप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ ।

माननीय सदस्यहरू, उपरोक्त शोक प्रस्तावहरूलाई पारित गरिदिनुहुन अनुरोध गर्दछु ।

(माननीय सदस्यहरूले हात उठाउनुभएको) ।

माननीय सदस्यहरू, उपरोक्त शोक प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

(माननीय सदस्यहरूले हात उठाउनुभएको) ।

माननीय सदस्यहरू, अब सुदुरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री माननीय पृथ्वीबहादुर सिंह र राष्ट्रिय सभाका पूर्वसदस्य एवम् संविधान सभा सदस्य महेश चौधरीको निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौन धारण गरौं ।

(मौनधारण) ।

धन्यवाद ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल असार १४ गते बिहीवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०८० साल असार १४ गते बिहीवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १४:५९ बजे ।**